# पञ्चदेवल विनायक नगरपालिका, अछाम

# स्थानीय राजपत्र

खण्ड : २ सङ्ख्या : ४९ मिति : २०८०/०३/१३

## भाग-१
## पञ्चदेवल विनायक नगरपालिका, अछाम

**मिति २०८० असार १० गते आइतबारका दिन पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको दशौं अधिवेशनमा नगर प्रमुख श्री अम्बिका चलाउनेद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम**

**नगर सभाबाट पारित भएको मितिः २०८०/०३/१०**

यस पञ्चदेवल विनायक नगरपालिकाका नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नगर सभाका सदस्यहरु, पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको दशौं अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनापश्चात नेपालको संविधान, २०७२ को धारा ५६ बमोजिम स्थापित स्थानीय सरकारको दोस्रो कार्यकालको दोस्रो वर्षमा पनि नगर प्रमुखको हैसियतले आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु । यस अवसरमा, सर्वप्रथम म नेपालको इतिहासमा नागरिक सर्वोच्चता, लोकतन्त्र स्थापना र मुलुकको परिवर्तनका लागि विभिन्न कालखण्डमा राजनीतिक क्रान्ती तथा आन्दोलनहरुमा बलिदानसहित आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसका साथै, परिवर्तनकारी सबै ऐतिहासिक आन्दोलनहरुको नेतृत्व गर्ने श्रद्धेय अग्रज नेताहरु र नेपाली जनताप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय तहको निर्वाचन २०७९ साल वैशाख ३० गते सम्पन्न भई ज्येष्ठ ७ गते शपथ लिएपश्चात हामीले दोस्रो कार्यकालको सुरुवात गरी सफलतापूर्वक १ वर्ष पुरा गरेका छौं । चालु आ.व. २०७९/८० को नीति तथा कार्यक्रमको कार्यान्वयनको विस्तृत समिक्षा वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने भएतापनि सबैभन्दा पहिले यो १ वर्षमा हामीले प्राप्त गरेका महत्वपूर्ण उपलब्धीहरुको बारेमा यहाँ म संक्षेपमा राख्ने अनुमति चाहन्छु ।

- स्थानीय तहको दोस्रो कार्यकालको रुपमा काम सुरु गर्दा अघिल्लो कार्यकालमा स्थानीय तहको अधिकार र क्षेत्रमा पर्ने कतिपय नीति तथा कानुन, कार्यविधिहरु बनेतापनि नगर शिक्षा ऐन बाहेक अन्य कुनैपनि कानुन, कार्यविधिहरु राजपत्रमा प्रकाशन भएका थिएनन् । हाम्रो कार्यकालको सुरुवाती वर्षमै नयाँ तथा पुराना गरी जम्मा ४५ वटा कानुन कार्यविधिहरु राजपत्रमा प्रकाशन गरी लागु गरेका छौं ।
- विगतका आर्थिक वर्षहरुमा भएको नगरपालिकाको बेरुजुलाई घटाउन महालेखाको प्रतिवेदनहरुका सुझावहरु ग्रहण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन प्रयास थालिएको छ ।
- चालु आ.व. २०७९/८० सम्म यस पञ्चदेवल विनायक नगरपालिकाको नाममा रहेको जम्मा रु. २७ करोड बेरुजुमध्ये रु. ३ करोड बराबरको बेरुजु फर्च्यौट गरी रु. २४ करोडमा झारिएको छ ।
- नगरपालिकामा मिति २०७९/०५/६ गते बाट प्रमुख प्रशासकीय अधिकृतको हाजिरी भएपश्चात कर्मचारी प्रशासनलाई चुस्त, जिम्मेवार र जवाफदेही बनाउन ई–हाजिरीको प्रयोग, कार्यबोझको जिम्मेवारी बाँडफाँड गरी सेवा प्रवाहलाई जनमैत्री बनाउन सुरुवात गरिएको छ ।
- यस नगरपालिकामा निर्माणाधिन १० शैयाको अस्पताल निर्माण कार्यको टेण्डर भएको सम्झौता म्याद सकिदासम्म पनि जग्गा विवादका कारण निर्माण कार्य अगाडी बढ्न सकेको थिएन । हाल अस्पतालको जग्गा विवाद समाधान गरी अस्पतालको नाममा लालपुर्जा प्राप्त भई सम्झौता म्याद थप गरेर काम सञ्चालन हुने अवस्थामा आएको छ ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि संघीय सरकार, शहरी विकास मन्त्रालयबाट रु.१ करोड बजेट थप ल्याई भुक्तानी गरि  प्रशासनिक भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- नगरद्धारा उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको प्रभावकारीता र गुणस्तरियता कायम गर्न सबै उपभोक्ता समितिहरुलाई अभिमुखिकरण गरी योजना कार्यलाई चुस्त बनाउने प्रयास गरिएको छ ।
- वडा नं. १ र ४ वडा कार्यालयका भवनहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइसकिएको छ र वडा नं. २ र ५ का निर्माणाधिन वडा कार्यालय भवनहरुको निर्माणकार्य अन्तिम चरणमा पुगको र यथाशिघ्र सञ्चालनमा ल्याउने तयारी भइरहेको छ ।
- नगरपालिकाको आफ्नो नाममा कत्तिपनि जग्गा नभएको अवस्थामा यस वर्ष वडा नं. १, एघारतोलामा नगरको नाममा ८ रोपनी जग्गा प्राप्त भएको र सबै वडा कार्यालयहरुका नाममा समेत जग्गाका पुर्जाहरु प्राप्त भएका छन् ।
- सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान गरी इन्टरनेटमा आधारित सबै अनलाइन कामहरु सम्बन्धित वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाटै हुने गरेका छन् ।
- बैंकको सेवा प्रवाहका कारण टाढा र दुर्गमका नागरिकहरुलाई केही समस्या भएतापनि सुशासन कायम गर्न र अनियमितता रोक्न सामाजिक सुरक्षालाई पूर्णरुपमा बैंकिङ्ग प्रणालीमार्फत सञ्चालनमा ल्याइएको छ । दुर्गमका वडाहरु ६, ७, ८ र ९ मा बैंकमार्फत नै सम्बन्धित वडामा गई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्ध मिलाइएको छ ।
- बढ्दो दिर्घ रोगको पहिचान र निदानका लागि सबै स्वास्थ्य संस्थाहरुमा यसै वर्षबाट ल्याब सेवा सञ्चालनमा ल्याइएको छ ।

- दुर्गमका गर्भवती महिलाहरुको संस्थागत सुत्केरी गराउन र नियमित स्वास्थ्य जाँच गराउन वडा नं. ८ बारलाको बोरागाँउ र वडा नं. ९ को भाटगाँउमा बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याइएको छ ।
- काठमाडौं मेडिकल कलेजको सहयोगमा बृहत एकीकृत निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी ३७६२ जनाले स्वास्थ्य सेवा लिनुका साथै १९ जनाको निःशुल्क अपरेशन समेत गराइएको छ ।
- नेपाल नेत्रज्योती संघ गेटा आँखा अस्पतालको सहयोगमा निःशुल्क आँखा शिविर सञ्चालन गरी ६१२ जनाले आँखाको स्वास्थ्य जाँच र ८१ जनाको मोतिबिन्दुको निःशुल्क अपरेशन गरिएको छ ।
- जिल्ला जनस्वास्थ्य कार्यालयको सहयोगमा पाठेघरको मुखको क्यान्सरको निदानका लागि सबै वडाहरुमा घुम्ती शिविर सञ्चालनका साथै वडा नं. २ मा मलेरिया रोगको निदानका लागि सबै घरहरुमा इन्सेक्टिसाइट गरिएको छ ।
- विनायक बजारको खानेपानी लगायत वडा नं. ५ र वडा नं. ६ गरी हेल्भिटाँस सँगको साझेदारिमा करिब ५ करोड ५७ लाखका ६ वटा आयोजनाहरु सम्पन्न हुने चरणमा पुगेका छन् ।
- विद्यालयहरुमा टिनको छाना विस्थापित गर्ने अभियान अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा यस वर्ष चण्डीका मा.वि. कालेकाँडा, अम्बिका मा.वि. कालिकास्थान, युवा वर्ष आ.वि., विनायक, मंगलेश्वरी आ.वि. कुईका, जनप्रिय आ.वि., तोली, कालिका आ.वि. लयाँटी, देवकी आ.वि. र कालिकादेवी आ.वि. पुल्लेतोलाका विद्यालयहरुमा पक्की भवनहरुको निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको छ।
- विनायक बजारबाट उत्पादित फोहोर व्यवस्थापनको लागि डम्पिङ्ग साइट निर्माण कार्यको लागि टेण्डर भइसकेको छ ।
- नगरपालिका क्षेत्रका दुर्गम कोसेडी, भुँइचाला र तामकोटमा सडकको पहुँच पुर्याउन सडक निर्माणका लागि ठेक्का सम्झौता भइसकेको छ ।
- नगरपालिकाको आवधिक योजना निर्माण, मध्यमकालिन खर्च संरचना निर्माण, भू-उपयोग योजना निर्माण र यातायात गुरुयोजना निर्माण कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्भे गरिएको छ ।
- नगरपालिका कार्यालयबाट त्रैमासिकरुपमा सूचनाको स्वतः प्रकाशनको थालनी गरिएको छ ।
- कर्णाली बगर क्षेत्रको ढुंगा, गिट्टी र बालुवा उत्खननको वातावरणीय अध्ययन प्रतिवेदन, डम्पिंग साईट निर्माणका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन र चिल्ताडा-भाटगाउँ सडकको वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएको छ ।
- विद्यालयका प्रधानाध्यापकहरुसँग नियमित प्र.अ.बैठक र शिक्षाको गुणस्तरसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- आधारभुत तह कक्षा १-३ सम्मका अध्यापन गर्ने १८० जना शिक्षकहरुलाई ३ दिन क्षमता विकास तालिमको सञ्चालन गरिएको छ ।
- कक्षा ८ को परीक्षाको सञ्चालन, उत्तरपुस्तिकाको परीक्षण र नतिजा प्रकाशन नगरपालिकाबाट सम्पन्न गराई हाम्रो वास्तविक अवस्था पहिचान गरी शैक्षिक गुणस्तर सुधारका प्रयासहरु भएका छन् ।
- कक्षा ४ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ ।

- नगरपालिकाको वडा नं. ६ र ८ मा २ वटा आलु पकेट क्षेत्रको विस्तार गरिएको छ ।
- नगरका उत्कृष्ट व्यवसायिक १० जना कृषकहरुलाई सम्मान गरिएको छ ।
- पालिका स्तरमा र नगरपालिका केन्द्रबाट टाढाका वडाहरु ६, ७, ८ र ९ नं. मा एकीकृत घुम्ती शिविर सञ्चालन गरी १४२ जनालाई डिजिटल ज्येष्ठ नागरिक परिचयपत्र, ४५ जनालाई डिजिटल अपाङ्गता परिचयपत्र उपलब्ध गराइएको छ र २ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सिपविकास तालिम प्रदान गरी सहयोग स्वरुप रु. २०,०००/- प्रदान गरिएको छ । यसका साथै एक हजार दिनका आमाहरुलाई करेसाबारी निर्माणका लागि तरकारीका बिउहरु वितरण गरिएको छ ।
- सामाजिका सुरक्षा नपाउने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका नगरभरीका १५० जनालाई उपचार खर्च स्वरुप वार्षिक जनही रु. ६०००/- का दरले प्रदान गरिएको छ ।
- बालबालिकाको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएका छन् । बालबालिकामाथी हुने हिंसा र दुर्व्यबहार सम्बन्धी सचेतनामुलक कार्यक्रम जस्तै – **'बालविवाह विरुद्ध म बोल्छु अभियान'** यस नगरपालिकाका १२ वटै मा.वि.हरुमा सञ्चालन गरिएको छ ।
- जोखिममा रहेका बालबालिकाको सहयोगार्थ नगरपालिकामा आपतकालिन बालकोषको स्थापना गरी हालसम्म विभिन्न कारणले जोखिममा रहेका ५ जना बालबालिकाहरुलाई आवश्यक सहयोग गरिएको छ भने ३ जना हिंसा पिडित महिलालाई समेत व्यवसाय सञ्चालनमा सहयोग गरिएको छ ।
- महिला र बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउनका लागि खानामा गरिने विभेद र पोषणका महत्वका बारेमा सुनौला १००० दिनका आमा र तिनका परिवारका सदस्यहरुसँग अन्तर्क्रिया तथा छलफलका कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।
- नगरपालिकाका ९ वटै वडाका विपन्न एकल २० जना महिलाहरुलाई सिपविकास तालिममार्फत व्यवसायिक आत्मनिर्भर बनाउनका लागि प्रतिव्यक्ति रु. २०,०००/- का दरले आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- आ.व. २०७९/८० मा न्यायिक समितिमा जम्मा ८ वटा उजुरी दर्ता भएकोमा ४ वटा उजुरीहरु फच्र्यौट गरिएको छ ।
- मिति २०८० वैशाख १ देखि ७ गतेसम्म नगरभरी व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सञ्चालन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ २९ वटा आयोजनामा रोजगारको बजेट रु १ करोड ३५ लाखमा स्थानीय तहको बजेट रु १ करोड ७ लाख साझेदारी गरी प्रभावकारी रुपमा आयोजना सञ्चालन गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारीताको मूल्याङ्कन गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफ्नो वेबसाइटको मुल पृष्टमा हाम्रो पालिकाको सम्पन्न उत्कृष्ट आयोजनाको फोटोसमेत डिस्प्ले गरेको छ ।
- आ.व. २०७९/८० मा २११ जनालाई कामका लागि पारिश्रमिक आयोजनाहरुमा औसत १०० दिनको रोजगारी उपलब्ध गराइएको छ ।
- रोजगार सेवा केन्द्रबाट परामर्श सेवा नियमित रुपमा सञ्चालनमा रहेको, वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह, श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृति लगायतको सेवा प्रारम्भ गरिएको छ ।

**नगरसभाका सदस्यहरु,**

अब म पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस नगरसभाको गरिमामय बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) सामाजिक विकासतर्फः

### १. शिक्षाः-

- विद्यार्थी संख्या, शिक्षकको अनुपात र भौगोलिकताको आधारमा कक्षा थपघटका साथै विद्यालय र बालविकास केन्द्रहरुलाई पायक पर्ने ठाउँ/विद्यालयमा समायोजन गरिनेछ ।
- शिक्षण सिकाई र व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षकहरु समेतको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- स्थानीय पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रमलाई अनिवार्य लागु गर्न शिक्षकहरुलाई क्षमता विकासका तालिमहरु सञ्चालन गरिनेछन् ।
- विद्यालयको लेखा स्रेस्ता व्यवस्थित र पारदर्शी बनाउन प्रधानाध्यापक र विद्यालय कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर स्वयंसेवक शिक्षकहरुलाई खारेज गरी शिक्षण सुधार कार्यक्रमका माध्यमबाट विद्यालय शिक्षण सिकाईलाई प्रभावकारी बनाउन आवश्यक कार्यहरु गरिनेछन् ।
- विद्यालयको भौतिक पुर्वाधार क्रमशः टिनको पातारहित बनाइनेछ।
- नगर स्तरिय खेलकूदको लागि नगर खेलकूद विकास समिति गठन गरी सो समिति मार्फत सबै खेलहरु सञ्चालन गरिनेछन् ।
- स्थानीय पाठ्यक्रम अनुसार कक्षा १-३ सम्मको पाठ्यपुस्तक लेखन गरि छपाई गरिनेछ र क्रमशः कक्षा ४-८ सम्मको पाठ्यक्रम समेत तयार गरी पाठ्यपुस्तक लेखन र छपाई गरिनेछ ।
- विद्यालय प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि विद्यालय विकास प्रस्तावको उत्कृष्ट योजनाको आधारमा प्रधानाध्यापको नियुक्तीको व्यवस्था गरिनेछ ।
- पालिकामा माध्यमिक तथा आधारभूत विद्यालयमा आधुनिक प्रविधिबाट शिक्षण सिकाइ सञ्चालन गर्न विद्युत, सोलार र इन्टरनेटको व्यवस्था गरिनेछ ।
- कक्षा ८ को परीक्षा प्रणालीमा सुधार गर्न र कक्षा ५ को परीक्षा समेत नगरस्तरियरुपमा सञ्चालन गरी सिकाई उपलब्धीको परीक्षण तथा सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- कक्षा ३ का विद्यार्थीहरुको नेपाली, गणित र अंग्रेजी विषयमा शैक्षिक गुणस्तर पहिचान गरिनेछ ।
- उच्च शिक्षा छात्रवृती सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- SDG ले अङ्गिकार गरेका लक्ष्य उद्देश्यहरु स्थानीयकरण गरी बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्ने नीति लिइएको छ ।

### २. स्वास्थ्यः-

- आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवामा न्युनत्तम स्वास्थ्य सेवा मापदण्डको आधारमा गुणस्तरीय, निःशुल्क र सबै नागरीकहरुको पहुँच सुनिश्चित गरिने छ ।
- अशक्त, असहाय र ज्येष्ठ नागरिकलाई घरदैलोमै आधारभुत स्वास्थ्य सेवा प्रदान गरिने नीति लिइनेछ ।

- महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाहरुलाई विगतका बर्षझैं प्रोत्साहन भत्तालाई निरन्तरता दिईने छ ।
- आमा तथा बच्चाको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका सुनौला १००० दिनका महिला र बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राखी पोषण कार्यक्रमलाई अझै प्रभावकारी बनाईनेछ । यसका साथै स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था बनाइने छ ।
- नगरपालिका भित्र रहेका स्वास्थ्य संस्था तथा बर्थिङ् सेन्टरहरुको गुणस्तर सुधार गर्नुका साथै नगरपालिकामा गुणस्तरीय औषधि भण्डारको व्यवस्था गरिने छ। नगरपालिकाका सबै नागरिकहरुलाई समेट्ने गरी विभिन्न स्थानहरुमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ् खस्ने, आँखा, नाक, कान, घाँटी सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरी उपचारको प्रबन्ध मिलाईने नीति लिइने छ ।
- रेबिज, सर्पदंस, ईन्फ्लुन्जा र बर्डफ्लु जस्ता संक्रामक रोगहरु र नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी उपचारको प्रबन्ध मिलाईने नीति लिइनेछ ।
- प्रसुति तथा सुरक्षित गर्भपतन जटिलता भएका महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ । यसका साथै नवजात शिशु मृत्युदर घटाउन मातृ तथा नवजात शिशु स्याहार र उपचार सेवामा विशेष प्राथमिकता दिइने छ ।
- ल्याब सेवालाई व्यवस्थित तथा गुणस्तरीय बनाउन माईक्रोस्कोप खरिद गरीनेछ। साथै ल्याब सेवाको लागी आवश्यक सामाग्री खरिद सहित ल्याब सेवाको गुणस्तर सुधार गरिनेछ ।
- आमा समूह खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- नगरपालिकामा आँखा जाँच केन्द्रको स्थापना गरी सेवा सञ्चालनमा ल्याइने छ ।
- औषधि, सेवा प्रवाहको गुणस्तर, व्यवस्थापन, सरसफाई समेतका आधारमा स्वास्थ्य संस्थाहरुको मूल्याङ्कन गरी प्रोत्साहन गरिने छ ।
- मातृ तथा बाल स्वास्थ्य सेवाको समन्वयका लागी Mobile Medic कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- सबै वडाहरुमा स्वास्थ्य बिमा शिविरहरु सञ्चालन गरी सबै नागरिकहरुको स्वास्थ्य बिमा अनिवार्य गरिनेछ ।

**बहुक्षेत्रीय पोषण योजनाः**

- सुनौला हजार दिनका आमा तथा बालबालिका र किशोरीहरुको पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई निरन्तरता दिइ थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।
- पोषणमैत्री स्थानीय शासन भएको पालिकाको रुपमा विकसित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- सुत्केरी आमाहरुको पोषण सुधारका लागि महिला संग उपप्रमुख कार्यक्रम मार्फत सुत्केरी भएको ३८ दिनभित्र पोषण सामाग्रीहरु वितरण गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ ।

- **एक घर, एक करेसाबारी** को अभियान मार्फत हरेक सुनौला हजार दिनका घरपरिवारमा अनिवार्य करेसाबारी निर्माण गर्ने र वार्षिक रुपमा हरेक घरपरिवारमा एक फलफूलको विरुवा अनिवार्य रोप्ने कार्यको थालनी गरी पोषण तथा खानपानमा सुधार गर्दै लगिनेछ ।
- पशुपंक्षी जन्य स्रोतहरुको उपभोग बढाउनका लागि विशेष कार्यक्रमहरुको सञ्चालन गर्दै लगिनेछ ।
- नगरपालिकाको शुद्ध खानेपानी र सरसफाईको अभियानलाई विशेष महत्वका साथ सञ्चालन गरी नागरिकको स्वास्थ्य तथा पोषण अवस्थालाई सुधार गर्दै लगिनेछ ।

**३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित कार्यक्रमहरुः**

- लैगिंक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी बनाइनेछ।
- नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ ।
- विभिन्न सीपमुलक कार्यक्रम सञ्चालन गरी जीविकोपार्जनमा सुधार ल्याई महिलाहरुलाई आत्मनिर्भर बनाउदै लगिनेछ ।
- महिला तथा किशोरीहरुविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न पहल गरिनेछ ।
- सबैखाले बालश्रम र शोषणको अन्त्य गर्नका लागी विभिन्न अभियानहरु सञ्चालन गरिनेछन्।
- बालमैत्री वडा तथा पालिका घोषणाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- जोखिममा रहेका बालबालिकाहरुको संरक्षण र विकासका लागि आपतकालिन बालउद्धार कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागी सिपमुलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाइनेछ ।
- जेष्ठ नागरिकको जीवनलाई मर्यादित, सम्मानित र सुरक्षित बनाई उनिहरुको ज्ञान, सिप र अनुभवलाइ नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रम तर्जुमा गरिनेछ ।
- सामाजिक कुप्रथा र जातिय विभेद विरुद्धका अभियानहरु सञ्चालन गरिनेछन् ।
- बालबालिका तथा किशोर-किशोरीका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- बाल सहभागिताको सुनिश्चितता गर्दै बालविवाह विरुद्ध विशेष अभियान सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा नपाउने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई दिइने उपचार खर्चलाई निरन्तरता दिईने छ ।

**खानेपानी तथा सरसफाईः**

- खानेपानीको पहुँच पुर्याउन **'एक घर, एक धारा'** को अवधारणामा खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछन् ।
- खानेपानीको अत्यन्तै समस्या भएको कालिकास्थान खानेपानी लगायतका बारला, पुल्लेतोला, कालेकाँडाका ठुला खानेपानीका आयोजनाहरु लगायत सबै वडाहरुका अन्य खानेपानीका आयोजनाहरु हेल्भेटास र USAID पानी परियोजनाको साझेदारीमा यसै वर्षभित्र सम्पन्न गरिनेछन् ।

## (ख) आर्थिक विकासतर्फ (कृषि/भुमिसुधार तथा पशुपालन, सहकारी, निजि क्षेत्र तथा गरीबी निवारण):

### १. कृषि विकासः

- कृषि उपजलाई बढावा दिनका लागि कृषि पकेटमा आबद्ध भई उत्कृष्ट कृषि उत्पादन गर्ने पकेट भित्रका कृषकलाई सम्मान गरीनेछ ।
- कृषक/कृषि समुहको मागको आधारमा साना सिँचाइ, प्लाष्टिक पोखरी, थोपा सिँचाइ निर्माण गरिनेछ र कृषि यान्त्रीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- रैथाने बाली प्रवर्द्धनको लागि जनचेतनामुलक कार्यक्रम गरी कृषकहरुलाई सुसुचित गरिनेछ ।
- तरकारी संकलन केन्द्र र शित भन्डार (cold store) को स्थापना गरिनेछ ।
- सेवा प्रवाहमा सुधार ल्याउन तथा कृषकहरुलाई पहुँचमा ल्याउन सबै वडाहरुमा कृषक समुह गठन गरी परिचालन गरिनेछन् ।
- प्रत्येक वडामा माटो परीक्षण शिविर सञ्चालन गरी कृषकहरुलाई सुहाउँदो बाली लगाउन सल्लाह प्रदान गरिनेछ ।
- किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिई कृषि तथ्याङ्क अद्यावधिक गरिनेछ ।
- गोठेमल तथा झोलमल कार्यक्रम लागु गरिनेछ।
- कृषि मेला प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सम्भावित वडामा कृषि पकेट क्षेत्रको विकास गरिनेछ ।
- व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यसायिक च्याउ खेती कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाका टिमुर उत्पादन हुने क्षेत्रमा टिमुर खेतीको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

### २. पशुपालनः

- सबै वडाहरुमा सम्भाव्यता अध्ययन गरी पशुपालन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- सबै कृषकहरुको सेवामा सहज पहुँचका लागि **'एक वडा, एक पशु सेवा प्राविधिक'** को अवधारणा अगाडी बढाइनेछ ।
- यस नगरपालिकाको वडा नं. ७ मा सञ्चालित बाख्रा पकेट कार्यक्रमको निरन्तरता सँगै सम्भावनाका आधारमा अरु वडाहरुमा पनि बाख्रा पकेट कार्यक्रम विस्तार गरिनेछ ।
- व्यवासायिक पशुपालक कृषकहरुको व्यवसाय जोखिम न्यूनिकरण गर्न पशुपंक्षी बिमा कार्यक्रममा सहजिकरण गरिनेछ ।
- मध्य पहाडी राजमार्गसँग जोडिएका वडा नं. १, २, ३ र ४ मा डेरी व्यवसायको राम्रो सम्भावना भएकाले भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपंक्षी व्यवसायलाई बढावा दिन बाख्रापालन व्यवसायमा आबद्ध उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ ।
- सेवा प्रवाहमा सुधार ल्याउन तथा समूहगत प्रणालीको विकास गर्न यस नगरपालिकाका सबै वडाहरुमा पशुपालन समूह गठन गरी मागमा आधारित क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- आनुवंशिक स्रोत संरक्षण अन्तर्गत रैथाने कुखुरा प्रवर्द्धन कार्यक्रम लागत साझेदारीमा सञ्चालन गरिनेछ ।
- व्यवसायिक कृषकहरुलाई कृषि ऋण उपलब्ध गर्ने प्रक्रियामा सहजिकरण तथा ब्याज भुक्तानीमा अनुदानका लागि आवश्यक पहल गरिनेछ ।
- दुध तथा दुग्धजन्य उत्पादनको वृद्धिका लागि उन्नत जातको राँगो खरिदमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- नश्ल सुधारका लागि प्रत्येक वडामा सक्रिय समूह तथा फार्ममा उन्नत जातको बोका शत प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।
- पशुपंक्षीमा लाग्ने महामारी रोग नियन्त्रण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३. रोजगारतर्फः

- रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई श्रमप्रधान आयोजना मार्फत् न्यूनतम रोजगारी सुनिश्चित गरिनेछ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माणसँगै सामाजिक सुरक्षाको प्रत्याभूति गराइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिई उत्पादनमूलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।
- आन्तरिक रोजगारी तथा स्वरोजगारीका अवसर तथा सम्भावनालाई दीगो बनाउन रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगार सेवा उपलब्ध गराइनेछ ।
- "**युवासँग सरकार, हुने छैनन् बेरोजगार**" अभियानलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा युवा रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछन् ।
- नगरपालिकाभित्र सञ्चालन गरिने विभिन्न किसिमका सीपमूलक तालिमहरुलाई एकद्धार प्रणालीबाट सञ्चालन गरिनेछ । बजारको मागमा आधारित सीपमूलक तालिम र कार्यस्थलमा आधारित तालिम (on the job training) को व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारीका अवसर तथा सम्भावनाहरुको खोजी गर्नका लागि रोजगार सम्वाद मञ्चलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रबाट आन्तरिक तथा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिका लागि परामर्श सेवा तथा रोजगार सहायता सेवा उपलब्ध गराइनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोतबाट बेरोजगार युवाहरुलाई कम्तिमा १०० दिनको थप रोजगारी प्रदान गर्ने नीति लिइएको छ ।

## ४. लघु उद्यम विकास कार्यक्रमतर्फः

- उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सिप विकास तालिम वित्तिय सेवामा पहुँच, बजारिकरण र व्यवसायिक परामर्श सेवा समेतको एकिकृत सेवा प्रदान गरि लघु उद्यमको सृजना र स्तरोन्नती गरिनेछ ।

- नयाँ लघुउद्यमीहरुको सृजना तथा लघुउद्यमको स्तरोन्नतीका लागि आवश्यक एड्भान्स एवं अन्य उपयोगी सिप विकास तालिमहरुको संचालन गरिनेछ ।
- लघुउद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणका लागि लघुउद्यमी समुह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिसँग सम्पर्क र समन्वय गरिनेछ ।
- नगरपालिकामा लघुउद्यम विकास तालिम लिईसकेका लघुउद्यमीहरुलाई स्तरोन्नती तालिम र थप महिलाहरुलाई नयाँ उद्यमी सिर्जना गर्न आवश्यक व्यवसायिक तालिम प्रदान गरिनेछ ।
- आफ्नो क्षेत्रभित्रका लघुउद्यमीले अति गरिबिको कारण लघुउद्यम स्थापना गर्न आफ्नो निवास स्थानमा पर्याप्त स्थान उपलब्ध नभएका र वित्तिय सेवामा पहुँच नभएका तर उद्यम गर्न ईच्छुक लघुउद्यमीहरुको संख्या दश भन्दा बढि रहेको भौगोलिक क्षेत्र वा समुदायमा त्यस्ता लघुउद्यमीबाट कुनै बस्तुको उत्पादन, प्रशोधन, बजारीकरण र सोसंग सम्बन्धित कुनै सेवा प्रदान गर्न कम्तिमा एउटा साझा सुबिधा केन्द्र (उद्यम घर) स्थापना गरिनेछ ।
- लघु, घरेलु तथा साना उद्यमिलाई आवश्यकता र मागका आधारमा ज्ञान तथा सिप आदान-प्रदानका लागि अन्तर जिल्ला, अन्तर स्थानीय तह भ्रमण, अनुगमन र अवलोकन गरिनेछ ।
- यस नगरपालिका भित्र नयाँ-नयाँ वस्तु उत्पादन र विक्रिवितरणका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. पूर्वाधार विकासतर्फः-

- नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य पुरा गरी सञ्चालनमा ल्याइनेछ ।
- वडा नं. २, ३ र ५ का निर्माणाधिन वडा कार्यालयहरु पुरा गरि सञ्चालनमा ल्याइनेछन् भने वडा नं. ७ र ९ को वडा कार्यालय भवनको निर्माण कार्य सुरु गरिनेछ ।
- सडक स्तरोन्नतीका कामहरु सघन शहरी विकास कार्यक्रममार्फत सञ्चालन गरिनेछन् ।
- सघन शहरी विकास कार्यक्रम मार्फत विनायक-तोली-पुल्लेतोला-बारला, सुन्तलाबारी-गुरुथापे, विनायक बजार-३ नं. वडा कार्यालय, मध्यपहाडी दोबाटा-टिमिलेपैठ, लयाँटी-तालागाड, तालागाड-चिल्ताडा, घाटखेत-तिखापातल, पञ्चदेवल-डोब्रेखोला विनायक र ६ नं. वडा कार्यालय-पुरानो धनवन्तरी मा.वि. सडकहरुको स्तरोन्नतीका कामहरु सञ्चालन गरिनेछन् ।
- १० शैयाको अस्पताल निर्माण कार्य द्रुत गतिमा अगाडी बढाइनेछ।
- विद्युतको केन्द्रिय प्रशारण लाइन विस्तारका लागि द्रुत गतिमा अगाडी बढी वडा नं. २, ३, ४, ५ र ६ मा यसै वर्षभित्र बिजुलीबत्ती बाल्न पहल कदमी गरिनेछ ।
- चिल्ताडा-भाटगाँउ-तामकोट, चिल्ताडा-भानाकोट र बोरागाँउ-कोसेडी सडकहरु निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- भानाकोट खोला, कालेकाँडा, घोडीलास बारलमा झोलुङ्गे पुल निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।

## (ग) वन, वातावरण तथा विपद व्यवस्थापनतर्फः–

- डम्पिङ्ग साइट निर्माण कार्य यसै वर्षभित्र सम्पन्न गर्ने गरि काम सञ्चालनमा ल्याइनेछ ।
- वन तथा हरियाली क्षेत्रको विस्तार गरी वातावरण प्रबर्द्धन गर्न वृक्षारोपण, मुहान संरक्षण, पार्क निर्माण लगायतका कार्यक्रममा जोड दिइनेछ ।
- नगरपालिकामा स्थापित आपतकालीन कार्यसञ्चालन केन्द्रको सुदृढीकरण गरी आपतकालीन अवस्थामा प्रवाह गरिने पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत तथा पुनर्स्थापना सेवालाई प्रभावकारी बनाइनेछ ।
- वडा तथा समुदाय स्तरमा गठित विपद व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी विपद पूर्वतयारी तथा प्रतिकार्यमा सामुदायिक अग्रसरता स्थापित गरिनेछ । साथै सबै वडाहरुमा विपद प्रतिकार्य सामाग्रीको व्यवस्था गरिनेछ ।
- बाढी तथा पहिरोको सम्भावित स्थानहरुमा तटबन्धन गरी प्रकोप रोकथाम तथा विपद जोखिम न्यूनीकरणका लागि पहल गरिनेछ ।

## (घ) संस्थागत विकास, क्षमता विकास तथा सेवा प्रवाहतर्फः

### १. संस्थागत विकासः–

- नगरपालिकामा राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको शाखा स्थापनाका लागि पहल गरिनेछ ।
- नगरपालिका कार्यालयमा कानुन शाखाको व्यवस्था गरी न्यायिक समितिको काम कर्तव्यलाई थप व्यवस्थित बनाइनेछ ।
- यस नगरपालिकाको नाममा बेरुजु फर्च्यौट गर्न बाँकी जम्मा रु. २४ करोडमध्ये आगामी आ.व. २०८०/८१ मा रु. १५ करोडसम्मको बेरुजु फर्च्यौट गरी बेरुजु रु. ९ करोडमा झार्ने लक्ष्य लिइएको छ ।

### २. क्षमता विकास तथा सार्वजनिक सेवा प्रवाहः–

- कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित गर्न, कर्मचारीको मनोबल उच्च बनाउन र नगरपालिकाको काम कारवाही प्रक्रियालाई चुस्त, दुरुस्त, मर्यादित र समयमै सम्पादन योग्य बनाउन कर्मचारीको कामको तथ्यपरक मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा नगरपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप पुरस्कृत तथा सम्मान उपलब्ध गराउने नीति लिईनेछ ।
- नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नगरपालिकाबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउन कार्यपालिका तथा गठित विषयगत लगायत अन्य सबै समितिहरुलाई जिम्मेवारी तोकी क्रियासिल बनाईनेछ ।
- नगरपालिकाको लागि आवश्यक पर्ने विभिन्न नीति, ऐन, कार्यविधि, निर्देशिका, बनाउँदा संघ, प्रदेश विभिन्न संघ/ संस्था र स्थानीय बुद्धिजिवी तथा सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा बनाइनेछ ।
- वडा कार्यालयहरुबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युत्तीय प्रणालीबाट सेवा प्रवाह गरिने व्यवस्था गरिनेछ ।

- वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवा विस्तार गरी सम्पत्ती कर, घटना दर्ता, सामाजिक सुरक्षा विवरण दर्ता, नविकरण लगायतका कार्यहरुलाई वडास्तरबाटै प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछन् । कर्मचारी तथा जनप्रतिनिधिलाई सेवाग्राहीमैत्री बनाउन उत्प्रेणात्मक तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवार, इमान्दार, अनुशासित तथा कामप्रति लगनशिल बनाउन आवश्यक कार्यविधि तथा मापदण्ड बनाई प्रोत्साहित गर्दै लगिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई सहज र सरल बनाउन वडा र नगरमा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- नगरपालिकाको भौतिक सम्पत्तीको उचित व्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने वा बढी खर्च लाग्ने असान्दर्भिक सामाग्रीहरुको लिलाम बिक्रि गर्ने निती लिइनेछ ।
- भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता नीतिको अवलम्बन गरिनेछ ।
- भ्रष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेही प्रणालीलाई सुदृढ गरिनेछ ।
- न्यायिक समितिको भुमिकालाई प्रभावकारी बनाउनका लागि वडास्तरमा मेलमिलाप केन्द्रहरु स्थापना गरी सञ्चालनमा ल्याइनेछन् ।
- सूचनाको हकलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRRAP) का नतिजालाई सुधार गर्दै लगिनेछ ।
- नगर प्रहरीको नियुक्तीका लागि आवश्यक कानुन तयार गरी भर्ना प्रक्रिया अगाडी बढाइनेछ ।
- सामाजिक सुरक्षा कोषको व्यवस्था गरिनेछ ।
- नगरपालिका लगायत सबै वडाहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरको सार्वजनिक खरिद गुरुयोजना बनाई लागु गरिनेछ ।
- सबै वडाहरुबाट अनलाइन रुपमा सञ्चालनमा आएको व्यक्तिगत घटना दर्ता कार्यलाई अझ सहज, गुणस्तरिय र प्रभावकारी रुपमा सञ्चालन गर्न/गराउन जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- सामाजिक सुरक्षा भत्ता भुक्तानीको बैकिङ्ग प्रणालीलाई छिटो र सहज बनाउन विभिन्न उपायहरुको खोजी गरी टाढाका वडाहरुमा सम्बन्धित वडाबाटै भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ र EFT मार्फत भुक्तानी गर्ने प्रयास समेत गरिनेछ ।
- अवैध मदिरा नियन्त्रण गर्ने नीति लिइनेछ ।
- विनायक बजारको अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित गर्न आवश्यक नीति लिइनेछ ।

- खाद्य सुरक्षालाई ध्यानमा राखी सबै वडाहरुका स्थानीय बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सब डिभिजन वन कार्यालय, विनायकको भवनलाई उपयुक्त ठाउँमा स्थानान्तरण गरी उक्त जग्गा नगरपालिकाको मातहतमा ल्याउन पहल कदमी गरिनेछ ।

**३. सूचना तथा सञ्चार प्रविधिः-**

- नगरपालिकाको समग्र सूचना प्रविधिको विकासका लागि सूचना प्रविधि नीति तयार गरी लागु गरिनेछ ।
- स्थानीय तहमा सूचना प्रविधि पूर्वाधारको विकास गर्ने, कार्यालयमा स्थापित उपकरणहरुको व्यवस्थापन गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने/गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्युतीय शासन स्थापनाका लागि आवश्यक उपकरण र उपायहरुको अध्ययन गरी पुरै पालिका तथा वडाहरु लगायत सबै संघ-संस्थाहरुमा सूचना प्रविधिको पहुँच/कनेक्टिभिटीको विस्तार गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिहरुको अध्ययन गरी नविन प्रयोग र अनुप्रयोगहरुको खोज गर्दै स्थानीय आवश्यकता अनुसार स्थानीयकरण गर्न पहल तथा प्रयास गरिनेछ ।
- सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरी मेशिन जडान गरीनेछ ।
- नगरपालिकाको आफ्नै सर्भर स्थापना गरिनेछ ।
- NTFiber, मोबाइल नेटवर्क, 4G नेटवर्क र टेलिफोन सेवाको विस्तारका लागि नेपाल टेलिकम र नेपाल दुरसञ्चार प्राधिकरणसँग विशेष अनुरोध र समन्वय गरि काम अगाडी बढाइनेछ ।
- स्थानीय तहका सबै जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई विद्युतीय शासन, सूचना तथा प्रविधि सम्बन्धी ज्ञान, सिप र क्षमता विकासका लागि विभिन्न तालिमहरु र अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नेपाल दुरसञ्चार प्राधिकरणको सहयोगमा आधारभुत विद्यालयहरुमा इन्टरनेट जडान गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

**४. राजश्व सुधारः**

- राजश्व परामर्श समितिको काम कारवाहीलाई थप प्रभावकारी बनाउँदै राजश्व सम्बन्धी नीति नियमहरु निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- करका दायराहरुलाई फराकिलो गर्दै लगिनेछ र करका दरहरुलाई समयानुसार हेरफेर गरी राजश्व संकलनको कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- कर संकलन गर्ने उत्कृष्ठ कर्मचारी तथा वडा कार्यालय र उत्कृष्ठ करदातालाई सम्मान गर्ने व्यवस्था गरिनेछ ।
- कर्णाली नदी किनारमा रहेको बालुवा, गिट्टी तथा सार्वजनिक क्षेत्रमा रहेको ढुङ्गा उत्खननका लागि समयमै ठेक्का आह्वान गरी आन्तरिक स्रोत परिचालन मार्फत आन्तरिक राजश्व वृद्धी गर्ने नीति अवलम्बन गरिनेछ ।

- नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका सबै प्रकारका व्यवसायको आवद्धता तथा दर्ता र नविकरण प्रक्रियालाई अनिवार्य गरी त्रैमासिक रुपमा अनुगमन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सम्बन्धित सबै कर्मचारीको क्षमता विकास गरी राजश्व संकलन कार्यलाई अनिवार्य पूर्णरुपमा अनलाईन गरिनेछ ।

अन्तमा, यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०८०/८१ को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा राख्दै आ.व. २०८०/८१ को यो नीति तथा कार्यक्रम छलफलका लागि यस सम्मानित नगर सभामा पेश गर्दछु । धन्यवाद ।।

**आज्ञाले**
**शिव प्रसाद रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**